अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७९।११।३० गते।

प्रेस विज्ञप्ति

विषयः अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये सार्वजनिक सम्पत्ति हानिनोक्सानी र घुस/रिसवत गरी ४ (चार) वटा मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०७९।११।२९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता
भोला दाहाल

देहायः

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	प्रतिवादी चेतनाथ भारती (वि.अ. को मु.नं (०७६-CR-०३६१) वि.अ. को फैसला मिति २०७९।०४।१२	घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।	प्र. चेतनाथ भारतीले मुख्य अभियुक्त प्रतिवादी शेखरनाथ खनाललाई निजले घुस रिसवत लिई भ्रष्टाचार गरेको अभियोगबाट छुटकारा गराउने उदेश्यले बिपरित बकपत्र गरी आयोगलाई असहयोग गरेको देखिदा निज उजुरीकर्ता साक्षी प्रतिवादी चेतनाथ भारतीले भ्र.नि ऐन, २०५९ को दफा ५५ को प्रतिवध्यात्मक वाक्यंश एवं विशेष अदालत ऐन, २०५९ को दफा ९ मा उल्लेख भए बमोजिम भ्र.नि ऐन, २०५९ को दफा ३ को उपदफा ३ को कसुर गरेको हुँदा सोही दफा ३ को उपदफा ३ मा उल्लेख भए बमोजिम भ्र.नि ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम जरिवाना र कैद सजाय हुन।	**फैसलाः** प्रतिवादीलाई सफाई । **विशेष अदालतले सफाई दिदा लिएका आधारः** • प्रतिवादीले ०७५-CR-०००२ को मुद्दामा प्रतिवादी शेखरनाथ खनाललाई रिसवत दिने मनसाय रहेको देखिंदैन र अनुसन्धानको क्रममा गरेको सहयोगको प्रतिकूल कुनै अभियुक्तले बकपत्र गरेको भन्ने आधारमा मात्र आरोपदावी स्थापित हुने होइन, वादी पक्षले आरोपदावी प्रमाणित गर्न नसकेको, • अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० अन्तर्गत राज्य कोषबाट उपलब्ध गराएको र सोही रकम बरामद गरिएको हुँदा सो प्रकृया बमोजिम सिर्जना गरिएका सबै प्रमाण प्रमाणबाट अपवर्जन हुने र आयोगको नियमावली, २०५९ को नियम ३० बदर भइसकेको अवस्थामा आयोगबाट उपलब्ध गराइएको रकम प्रमाणमा ग्रहणयोग्य नहुने भई बरामदी रकम समेत शुन्यको स्थितिमा पुगेको र यी प्रतिवादीले गरेका कार्यहरु शुन्यको स्थितिमा पुगी प्रतिवादीको आपराधिक कार्य र आपराधिक मनसाय समेत पुष्टि हुन नसकेकोले, • प्रतिवादी उपर लगाइएको आरोपदावी वस्तुनिष्ठ प्रमाणहरुबाट पुष्टि हुन नसकेको।	• प्रतिवादी चेतनाथ भारतीको नाममा विशेष अदालत काठमाण्डौबाट जारी भएको समाह्यन म्यादमा निज प्रतिवादी अदालतमा उपस्थित भई आफ्नो सत्य साँचो कुराको बयान गरी न्यायिक कारवाहीलाई सहयोग पुऱ्याउनु पर्नेमा म्यादमा अनुपस्थित रही अभियोगदावीलाई स्वीकार गरी बसेको देखिएको, • रंगेहात परीक्षण तथा नमूना संकलन, मुचुल्का, खानतलासी एवं बरामदी मुचुल्काबाट प्रतिवादीले वारदात घटाएको पुष्टि भएको, • प्रतिवादी उपरको आरोपदावीलाई समर्थित हुने गरी घुस/रिसवत रकम लेनदेन गर्नु अघि टेलिफोन, अडियो रेकर्ड तथा CDR विवरणबाट प्रतिवादीहरु बिच पटक पटक फोन संवाद, स्क्रिप्ट राइटिङ्ग कुराकानीमा प्रतिवादीहरु विच घुस/रिसवत माग गरी रकम वार्गेनिङ्ग गरेको देखिएको, • सम्मानित सर्वोच्च अदालतबाट मुद्दा ने.का.प. २०७२, अंक १०, नि.नं. ९४९० मा अनुसन्धानकर्ताले प्रमाण सङ्कलन गरेको निकाय मार्फत आएको प्रमाणलाई आधार बनाउन मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने भनी सिद्धान्त प्रतिपादन भएको, • प्रमाण ऐन, २०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको।
२	प्रतिवादी बद्री भण्डारी (वि.अ. को मु.नं. (०७५-CR-	घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।	प्रस्तुत मुद्दामा उजुरी निवेदकले बेलकोटगढी नगरपालिका नुवाकोटको टेन्डर सम्बन्धी बिज्ञापन अनुपम मिडिया मार्फत नेपाल समाचारपत्र दैनिकमा प्रकाशित गरे बापत रु. १,००,८५२।-	**फैसलाः** प्रतिवादीलाई सफाई । **विशेष अदालतले सफाई दिदा लिएका आधारः** • उजूरकर्तालाई आयोगले राज्यकोषबाट रकम उपलब्ध गराएको देखिंदा वरामद रकम घुसको रकम हो भनी दशी	• प्र. र उजुरी निवेदकवीच भएको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ्ग गरेको तथा माग गरेको देखिएको, • प्रतिवादीको पोलिग्राफ परीक्षण प्रतिवेदनमा DECEPTION INDICATED उल्लेख भएबाट निज झूट्टो बोलि छलछाम गरेको भन्ने देखिएबाट रङ्गेहात परीक्षण तथा नमूना संकलन मुचुल्का,

	०३२७) को फैसला मिति २०७९।०५।१०		(एक लाख आठ सय बाउन्न) भुक्तानि लिएकोमा उक्त नगरपालिकाका सव-इन्जिनियर बद्री भण्डारीले भुक्तानी रकमको ३५ प्रतिशतले हुन आउने रकम रु. ३५,०००।-उजुरी निवेदकबाट घुस/रिसवत माग गरी उक्त घुस रकम लिई आफूले लगाएको हाफ पाइन्टको खल्तीमा राखेको अवस्थामा बरामद भएको तथ्य पुष्टि भएकोले प्रतिवादी बद्री भण्डारीले भ्र.नि ऐन, २०५९ को दफा ३को उपदफा (१)को कसुर गरेको स-प्रमाण पुष्टि भएकोले निजलाई बिगो रु. ३५,०००।-कायम गरी भ्र.नि ऐन, २०५९ को दफा ३को उपदफा(१) र दफा ३को उपदफा(१) को देहाय (ख) बमोजिम कैद र जरिवाना सजाय हुन ।	प्रमाणको रुपमा लिन मिल्ने देखिएन, • वरामद रकम नै प्रमाण ग्राह्य नभएपछि वरामदी मुचुल्का, वरामदी मुचुल्कामा रोहवरमा वस्ने व्यक्तिहरु तथा प्रतिवेदकहरुले अदालतमा गरेको बकपत्र समेत वरामद रकमसंग सम्वन्धित हुँदा निज वादीका साक्षीहरुले गरेको बकपत्रका आधारमा प्रतिवादीलाई दोषी करार गर्न मिल्ने देखिएन, • प्रतिवादीले अनुसन्धान अधिकारी र अदालत समक्ष बयानमा आरोपित कसूरमा इन्कारी बयान गरेको, • उजुरीकर्ता र प्रतिवादी वीच रकमको सम्वन्धमा फोन सम्वाद भएको देखिए तापनि उक्त रकम के कुन विषयको सन्दर्भमा सम्वाद भएको हो स्क्रिप्ट राइटिङ्ग व्यहोरावाट प्रष्ट नखुलेको, • प्रतिवादी उपरको आरोपदावी वस्तुनिष्ठ प्रमाणवाट वादी पक्षले पुष्टि एंव प्रमाणित गर्न नसकेको।	खानतलासी एवं बरामदी मुचुल्का, समेतबाट प्रतिवादीले वारदात घटाएको पृष्टि भएको, • उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोपमागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको, • सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन। मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको, • सम्मानित सर्वोच्च अदालतबाट मुद्दा ने.का.प. २०७२, अंक १०, नि.नं. ९४९० मा अनुसन्धानकर्ताले प्रमाण सङ्कलन गरेको निकायमार्फत आएको प्रमाणलाई आधार बनाउन मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने भनी सिद्धान्त प्रतिपादन भएको, • प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको।
३	प्रतिवादी गजेन्द्रप्रसाद जायसवाल (वि.अ. को मु.नं. (०७७-CR-००१५) को फैसला मिति २०७९।०३।०३	घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।	प्र.गजेन्द्र प्रसाद जायसवालले भ्रष्टाचारजन्य कसूर गरेको स-प्रमाण पुष्टी हुन आएकोले निज प्रतिवादी गजेन्द्र प्रसाद जयसवालले गरेको कार्य भ्र.नि ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएकोले निज प्रतिवादी गजेन्द्र प्रसाद जयसवाललाई घुस लिएको बिगो रकम रु. ८०,०००।- कायम गरी भ्र.नि ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन।	**<u>फैसलाः</u>** प्रतिवादीलाई सफाई । **<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>** • प्रतिवादीले अनुसन्धान तथा अदालतमा कसुरमा इन्कार रही बयान गरेको, • वादीका साक्षीहरुको भनाई एक-आपसमा बाझिई विरोधाभाषपूर्ण देखिन आएको, प्रतिवादीले कसुर गरेको विश्वसनीय एवं तथ्ययुक्त प्रमाणबाट पुष्टि हुन नसकेको, • प्रतिवादी विरुद्धको आरोप-पत्र मागदावी स्वतन्त्र एवं वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नआएको।	• प्रतिवादी गजेन्द्र प्रसाद जायसवाल र बैधनाथ साह कलवार मेरो घरमा आउनु भएको र बैधनाथ साह कलवार समेतले मलाई पैसा दिनु भयो र हामी पछि आउछौ भन्नु भएको थियो भनी चन्दन जयसवालले अनुसन्धान अधिकारी समक्ष बयान कागज गरेको र निजले अदालतमा बकपत्र गर्दा अनुसन्धान अधिकृत समक्ष गरेको कागज व्यहोरा सत्य साँचो हो, त्यसमा भएको सहिछाप मेरो हो। बैद्यनाथ साहले प्रतिवादी गजेन्द्रप्रसाद जयसवाललाई उक्त रकम दिन खोज्दा गजेन्द्रप्रसाद जयसवालले चन्दन जयसवाललाई दिनुहोस् भनेपछि बैद्यनाथ साहले उक्त रकम मलाई दिनु भएको हो भनी किटानीको साथ अदालतमा बकपत्र गरी दिए समेतबाट उजुरी निवेदन समर्थित भएको, • प्र.र उजुरी निवेदक बिच भएको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ्ग तथा माग गरेको देखिएको,

					• रङ्गेहात परीक्षण तथा नमूना संकलन मुचुल्का, खानतलासी एवं बरामदी मुचुल्का समेतबाट प्र.ले वारदात घटाएको पृष्टि भएको, • उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोपमागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको, • सम्मानित सर्वोच्च अदालतबाट मुद्दा ने.का.प. २०७२, अंक १०, नि.नं. ९४९० मा अनुसन्धानकर्ताले प्रमाण सङ्कलन गरेको निकाय मार्फत आएको प्रमाणलाई आधार बनाउन मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने भनी सिद्धान्त प्रतिपादन भएको, • प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको।
४	प्रतिवादी मेघनाथ रेग्मी (वि.अ. को मु.नं. (०७६-CR-०२०६) को फैसला मिति २०७९।०३।२८	सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गरी भ्रष्टाचार गरेको।	प्र. मेघनाथ रेग्मीले कार्यालयबाट कार्यादेश लिई सञ्चालन गरेको PMTCT तालिम सञ्चालन गर्न भनी लिएको पेश्की रकम रु.२,१५,०००/-मध्ये विभिन्न शीर्षकमा रु. १,०६,६११/३० (एक लाख छ हजार छ सय एघार रुपैयाँ तीस पैसा) खर्च गरी बाँकी रु. १,०८,३८९/७० (अक्षरुपी एक लाख आठ हजार तीन सय उनान्नब्बे रुपैयाँ सत्तरी पैसा) बदनियतसाथ हिनामिना गरी नेपाल सरकारको सम्पत्ति हानी नोक्सान गरेको तथ्य स्थापित हुन आएकोले प्रतिवादी मेघनाथ रेग्मीले भ्र.नि ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा हिनामिना हानी नोक्सान गरेको बिगो रु.१,०८,३८९/७० कायम गरी भ्र.नि ऐन, २०५९ को दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को	**<u>फैसलाः</u>** प्रतिवादीलाई सफाई । **<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>** • वादीको आरोपदावीलाई प्रतिवादीले इन्कारी वयान गरी आफ्ना साक्षी मार्फत समर्थित गराएको, • वादीका साक्षीहरुले अदालतमा विल अनुसारको रकम बुझेको, प्रशिक्षण गरे बापत भत्ता बुझेको भन्ने ब्यहोराको बकपत्र गरेको र मौकाको ब्यहोरा अख्तियारका सरहरुले दवाव दिएर लेख्न लगाएको भनी बकपत्र गरेको, • नेपाल सरकारबाट जारी भएको आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ (३) कार्यालय प्रमुखबाट पेश्की फछ्र्यौट गर्ने, नगर्ने सम्बन्धी कार्य पुरा हुन बाँकी नै रहेको अवस्थामा प्रतिवादीले भ्र.नि ऐन, २०५९ को दफा १७ को कसूर गरेको भन्ने आरोपदावी पुष्टि र प्रमाणित हुन नसकेको।	• प्रतिवादी मेघनाथ रेग्मीको पोलिग्राफ परीक्षण प्रतिवेदनमा DECEPTION INDICATED उल्लेख भएबाट निज झूट्टो बोलि छलछाम गरेको भन्ने देखिएकोले उजुरी निवेदन समर्थित भएको, • मौकामा बुझिएकी राधादेवी शर्माले आफूले कार्यक्रम संचालन गर्न पेश्की लिएको रकम कार्यक्रम संचालन गरी पेश्की फछ्र्यौट लागि एकाउण्टेण्टलाई निवेदन दिंदा हाकिम, आन्तरिक लेखापरीक्षण र महालेखा परीक्षणलाई पैसा चाहिन्छ भनी फाइल फर्काई दिएकाले पेश्की फछ्र्यौट हुन नसकेको। मनिषकुमार महतो र मेघनाथ रेग्मीले संचालन गरेको कार्यक्रमबाट फर्निचर खरिद गरेको बारेमा अनुसन्धान गरी पाउँ भन्ने व्यहोराको कागज गरेको पाइन्छ भने मौकामा बुझिएका डि.जी. प्रिन्टिङ्ग सोलुसनका संचालक भिमनाथ शर्माले मनिषकुमार महतो र मेघनाथ रेग्मीले संचालन गरेको कार्यक्रमको फाइलमा भएको बिल मेरो पसलबाट जारी भएका हुन्। बिलमा भएको विवरण, परिमाण र मूल्य मनिषकुमार महतो र मेघनाथ रेग्मीले भने बमोजिमको बनाइदिएको हो भन्ने व्यहोराको कागज गरी दिएका र होटल YAK का संचालक ताराप्रसाद आचार्यले स्वास्थ्य कार्यालयको कार्यक्रम Hotel-YAK मा भएको थियो, मनिषकुमार महतोले रकम कम छ, PAN विल बनाइदिनु भनेकाले PAN BILL दिएको हो भनी मौकामा कागज गरि दिएका तथा गंगासागर फोटोकपी

			खण्ड (घ) बमोजिम सजाय हुन एवं हिनामिना हानी नोक्सान भएको बिगो रु. १,०८,३८९/७० निज प्रतिवादी मेघनाथ रेग्मीबाट भ्र.नि ऐन, २०५९ को दफा १७ बमोजिम असुल उपर हुन।		र स्टेशनरी पसलको संचालिका सरिता सुवेदीले मौकामा कागज गर्दा मेघनाथ रेग्मी र मनिषकुमार महतोलाई पसलमा सामान किन्ने क्रममा चिनेको हो, विल नं. २२१ र २२२ मा लेखिएको विवरण मेरो होइन, ३५४, ३५५, ३५६, १८८५ र १८८६ नं. का खाली विल मनिषकुमार महतोले मागेकोले दिएको हो । विलमा भएको दररेट र विवरण झुठ्ठा हुन् भन्ने व्यहोराको मौकामा कागज गरे समेतबाट प्रतिवादी मेघनाथ रेग्मीले PMTCT तालिम सञ्चालन गर्न भनी लिएको पेश्की रकम फछ्र्यौटको लागि झूठ्ठा बिल भरपाईहरु झूठ्ठा विवरणहरू पेश गरी पेश्की रकम लिएको मध्ये रु. १,०८,३८९/७० (अक्षरुपी एक लाख आठ हजार तिन सय उनान्नब्बे रुपैयाँ सत्तरी पैसा) बदनियतसाथ हिनामिना गरी वारदात घटाएको पुष्टी भएको, • "अन्य प्रमाणबाट कसूर गरेको भन्ने पुष्टि भइरहेको अवस्थामा केवल पीडित तथा अनुसन्धान अधिकारीसमक्ष कागज गर्ने व्यक्तिहरूले पहिला आफूले भनेको भनाइको विपरीत हुनेगरी गरेको वकपत्रको आधारमा मात्र प्रतिवादीलाई सफाई दिन नहुने भनी।" (ने.का.प. २०६६, अंक ६, नि.नं. ८१७९) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भएको। • उजुरी निवेदनले प्रतिवादी मेघनाथ रेग्मीद्वारा सञ्चालित स्वास्थ्य कर्मीलाई एच.आइ.भी. सम्बन्धी PMTCT तालिम समेतका कार्यक्रममा रकम हिनामिना समेत भएको भन्ने उजुरी निवेदन दिएको र सोही व्यहोरा समर्थित हुने गरी अदालतमा बकपत्र गरे समेतबाट प्रतिवादीले वारदात घटाएको पुष्टि भएको । • प्रतिवादी मेघनाथ रेग्मीले कानून बमोजिम गरेको कार्यको मात्र बिल भरपाई पेश गर्नु पर्नेमा पेश्की फछ्र्यौटको लागि नभएको नगरेको कामको झूठ्ठा बिल भरपाई विवरण पेश गरी आफूले गैरकानूनी लाभ लिई प्रतिवादीले मनसाय पूर्वक सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गरेको तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको।